# देवदह नगरपालिकाको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम

## क) आर्थिक विकासः

### १. कृषि तथा पशु सेवा कार्यक्रमः

### क.कृषि सेवा कार्यक्रम

- कृषि उत्पादन संकलनको लागि वडा नं ११ मा निर्माणाधिन कृषिउपज संकलन केन्द्रको निर्माण कार्य सम्पन्न गरी सञ्चालन गर्ने व्यवस्था मिलाईनुका साथै वडा नं ५ प्रगतिवजारमा रहेको कृषि उपज संकलन केन्द्रलाई प्रयोगमा ल्याईनुका साथै समूहमा नसमेटिएका किसानहरुलाई समेटेर सेवा प्रदान गर्ने नीति लिइने छ ।
- नगरका कृषियोग्य भुमीमा संचालित पकेट क्षेत्रमा कृषिलाई व्यवसायीकरण गर्न प्रोत्साहन गर्ने कार्य भैरहेको छ । यस्ता पकेट क्षेत्रहरुमा निर्यात प्रवर्द्धनमा योगदान पुऱ्याउने नगदेवाली, मौसमी/ वेमौसमी तरकारी खेती, मौरीपालन, विउउत्पादन कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ । यसको लागि विउ, मल, प्रविधि, सिँचाई, उपकरण, विरुवा आदिमा सहयोग पुग्ने गरी व्यवसायिक कृषकलाई अनुदान सहयोग उपलब्ध गराईने छ ।
- पहिचान गरिएका पकेट क्षेत्रलाई चक्लाबन्दि गर्न प्रोत्साहित गर्ने कार्यक्रम संचालन गरिने छ । संघीय र प्रदेश सरकारको सहकार्यमा **'एक वडा एक पकेट'** कार्यक्रम संचालन गर्ने नीति लिईने छ ।
- आधुनिक कृषि प्रणाली एवं व्यवसायिकरणका साथसाथै प्राङ्गारीक तथा जैवीक मललाई प्रोत्साहित गर्दै अर्गानिक खेती प्रणालिमा जोड दिइने छ ।
- कृषि पेशालाई सम्मानित र व्यवसायिक वनाइ कृषिमा आधारित जनताको जीवनस्तर सुधार गर्न कृषकहरुको तथ्याङ्क संकलन गरी निश्चित मापदण्डको आधारमा कृषकको वर्गीकरण गरी कृषक परिचयपत्र वितरण गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- कृषि उत्पादनको क्षेत्रमा सिंचाई सुविधा पुऱ्याउनका लागि नगरपालिका, नेपाल सरकारका सरोकारवाला निकायहरु लगायत सहयोगी विभिन्न निकायहरु, कृषि सहकारी, सामुदायिक संस्था र कृषक समेतको सहभागितामा दिगो र भरपर्दो सिंचाई प्रणाली विकास गरिने छ ।
- किसानहरुको तरकारी तथा फलफुलको सुरक्षाको लागि संघीय सरकारको सहयोगमा चिस्यान केन्द्र (cold store) स्थापनाको कार्य अगाडी बढाइनेछ ।
- अनुदानमा सहकारीवाट वितरण हुने मलखादको वितरण प्रणालीको प्रभावकारी नियमन गरिने छ ।साथै कृषि सहकारी नभएका वडाहरुमा कृषि सहकारी स्थापना गर्नको लागि प्रोत्साहित गरिने छ ।
- कृषकहरुलाई विषादी प्रयोग सम्वन्धि सचेतना मुलक कार्यक्रम संचालन गरिनुको साथै रोग किरा पहिचान गरी विषादी वितरणको व्यवस्था मिलाइनेछ ।
- उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- भै. लु. भु. ज. सिंचाई योजनाका डिप ट्युवेलहरुमा लाग्ने विद्युत महशुलमा ५० प्रतिशत अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइने छ ।
- भै.लु.भु.ज.मा जडित विद्युत मिटरको डिमाण्ड शुल्क नलाग्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिने छ ।
- कोभिड-१९ बाट प्रभावित भई गाउँ फर्केका युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी उत्पादनमा अभिवृद्धिको लागि प्रदेश सरकारको सहकार्यमा उत्पादन सामाग्री तथा साना कृषि औजार एवं यन्त्र उपकरणमा अनुदानको व्यवस्था मिलाइने छ ।
- चक्लाबन्दी ,करार तथा सामुहिक खेतिलाई प्रोत्साहीत गर्न उत्पादन र उत्पादकत्व बढाई उत्पादन लागत घटाउन **कृषि हायरिङ्ग सेन्टर** स्थापना गर्ने कार्यको सुरुवात गरिने छ ।
- कृषि सहकारी समूह गठन प्रकृयालाई निरन्तरता दिइने छ ।

- कृषि उत्पादनको उत्पादन लागतका आधारमा आधार मूल्य कायम गरी कृषि सहकारी समूह मार्फत कृषकलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिने छ ।
- कृषकहरुलाई प्रोत्साहित गर्न संघ एवं प्रदेश सरकारसँगको समन्वयमा कृषि एम्बुलेन्स संचालन गरी कृषि उत्पादन (तरकारी) लाई बजारीकरण गर्ने नीति अवलम्बन गरिने छ ।
- साविकका एक गाउँ एक प्राविधिक कार्यक्रम अन्तर्गतका कर्मचारीहरुलाई निरन्तरता दिने नीति अवलम्बन गरिने छ ।

### ख. पशु सेवा कार्यक्रम

- नगरपालिका क्षेत्रभित्र उत्पादन गर्न सकिने कृषिजन्य, तरकारीजन्य, फलफुल, मासुजन्य तथा दुधजन्य वस्तुहरुमा नगरलाई आत्मनिर्भर बनाई निर्यातमुखि नीति अवलम्बन गरिने छ ।
- कृषि तथा पशु विमा अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ । अव्यवस्थित कृषि भूमिमा भएको कृषि उत्पादनको समेत विमा गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।
- गाई भैंसिमा नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यलाई निरन्तरता दिइनुका साथै प्रोत्साहनको व्यवस्था मिलाइने छ ।
- प्रदेश सरकारसंगको सहकार्यमा नगरपालिकाभित्र रहेका विभिन्न पोखरीहरुको व्यवस्थापन गरी माछापालनको क्षेत्रफललाई विस्तार गरिने छ ।
- नगरपालिका भरिका गाई भैंसिलाई भ्यागुते, खोरेत, चरचरे रोग र बाख्रालाई पि.पि.आर. विरुद्धको खोप लगाउने कार्यलाई निरन्तरता दिइनेछ र पशुहरुलाई आन्तरिक तथा बाह्य परजीवि नियन्त्रणको लागि निशुल्क औषधि वितरण गरिनेछ ।
- **'एक नगर एक उत्पादन'** कार्यक्रम अन्तर्गत पशुपालक किसानहरुलाई पशुपालन तथा गुणस्तरीय दुध उत्पादन एवं उत्पादक तथा व्यवसायीहरुलाई दुधको विविधिकरण सम्वन्धि तालिम सञ्चालन गरिने छ ।
- वडा नं.८ मा रहेको पशु सेवा शाखाको भवनमा प्रयोगशाला स्थापना गरी दुध र गोवर परीक्षणको व्यवस्था मिलाइने छ।
- बाँझोपन भएका पशुहरुको उपचारका लागि स्थानीय स्तरमा पशु शिविर संचालन गरिने छ ।
- पशुवाट मानिस र मानिस वाट पशुमा सर्ने रोग रोकथामका लागी सचेतना कार्यक्रम संचालन गरिने छ ।
- प्राइभेट पारा भेटेरेनरी प्राविधिकहरुको क्षमता अभिवृद्धि गरी सेवा प्रभावकारी वनाइने छ र सेवाको नियमन गरिने कार्यलाई निरन्तरता दिइने छ ।
- दुग्ध उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- कृषि तथा पशुपालन व्यवसायलाई व्यवस्थित र व्यवसायिकरण गर्नका लागि तालिमको व्यवस्था मिलाइनेछ ।
- पशुपालन व्यवसायलाई व्यवसायिकरण गर्नको लागि गाई भैंसिको गोठ सुधार, बाख्राको खोर सुधार र विद्युतिय च्यापकटर वितरणमा अनुदानको व्यवस्था मिलाइनेछ ।
- नश्ल सुधारका लागि बोयर जातका बोका खरिद गरि वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- स्थलगत घुम्ति शिविरको व्यवस्था मिलाइनेछ ।
- एक विश्व एक स्वास्थ्यको नीतिलाई अबलम्बन गरिनेछ ।

## २. उद्योग तथा वाणिज्य

- स्थानीय स्रोत, साधन र सिपको प्रयोग गरी उद्यमसिलता विकासका माध्यमबाट रोजगारी सजृना र आत्मानिर्भरता सुनिश्चित गर्न लघुउद्यम विकास कायक्रम संचालन गरिने छ ।
- नगरपालिकाभित्र नयाँ उद्योगहरु स्थापना गर्न लगानी मैत्री वातावरण वनाईने छ । उद्योग र व्यापारमा आवद्ध संस्थाहरुको सहकार्यमा नगरपालिकाभित्र संचालन गर्न सकिने विभिन्न सम्भावित उद्यमहरु पहिचान गरी उद्योग स्थापना गर्न लगानीकर्ताहरुलाई प्रोत्साहन गरिने छ ।
- स्थानीय स्तरमा भएको स्रोत साधनको अधिकतम परिचालन हुनेगरी स्थानीय मागमा आधारित उद्यमसिलता प्रवर्द्धन सम्बन्धी छोटो तथा लामो अवधीका तालिम तथा सिकाई कक्षाहरु संचालन गरिनेछ ।
- प्रदेश सरकारको **'एक स्थानीय तह एक औद्योगिक ग्राम'** कार्यक्रम अन्तर्गत नगरपालिकाको वडा नं ३ टटेरामा विस्तृत परियोजना प्रतिवेदन (DPR) समेत तयार भइसकेकोले औद्योगिक ग्राम घोषणाको लागि संघीय सरकारको उद्योग मन्त्रालयलाई आग्रह गरिने छ ।
- **'मेयर संग उद्यम एवं स्वरोजगार कार्यक्रम'** अन्तर्गत नगरक्षेत्रका युवाहरुमा भएको ज्ञान सिप र क्षमताको सदुपयोग गर्दै उद्यमशिलता तथा सिपको विकास गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्नुका साथै विदेशवाट फर्केका युवाहरुले आर्जन गरेको सिप र व्यवसायिक दक्षताको उपयोग गरी आत्मनिर्भर एवं स्वरोजगार बनाउन, महिला उद्यमसिल क्षमताको विकास गर्न, दलित तथा अल्पसंख्यक समुदायको परम्परागत सिप र पेशालाई उद्यमसिलता संग जोडि आत्मनिर्भर वनाउन आवश्यक पर्ने लगानी व्यवस्थाका लागि प्रदेश सरकार, बैंक तथा बित्तीय संस्थाहरुसंगको सहकार्यमा बिना धितो सहुलियत कर्जा कार्यक्रम अगाडी बढाउने नीति तथा कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- देवदह नगरक्षेत्रभित्र मझौला तथा ठुला उद्योग स्थापना हुन आएमा ३ वर्ष सम्म कर शत प्रतिशत छुटको व्यवस्था मिलाइने छ ।

## ३. पर्यटन

- देवदह नगरपालिकालाई आन्तरिक तथा बाह्य पर्यटनको गन्तव्यस्थल बनाउन ऐतिहासिक, धार्मिक, प्राकृतिक तथा कृषि पर्यटनलाई विशेष जोड दिइनेछ ।
- नगरपालिकाको वडा नं ७ स्थीत बहुउद्देश्यीय कोशेली भवनलाई देवदहका उत्पादनको बजार विविधिकरण र पर्यटनसंग आवद्ध हुने गरी संचालनमा ल्याइने छ ।उक्त कोशेली भवनमा प्रदेश सरकारको समन्वयमा पालिकाकै प्रदर्शनी तथा बिक्रि कक्ष संचालन गरिने छ ।
- बुद्धमावली क्षेत्रको पर्यटकीय महत्वलाई विश्वव्यापी बनाउन यससंग सम्बन्धीत सामग्रीहरुलाइ विभिन्न पार्कहरुमा स्थापित गर्दै लगिने छ ।
- नगरपालिका क्षेत्रभित्र रहेको ऐतिहासिक मंगल पुष्करिणी दहको विस्तृत परियोजना प्रतिवेदन वमोजिम निर्माण, संरक्षण तथा व्यवस्थापनको कार्यलाई निरन्तरता दिनका लागि प्रदेश सरकार र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति संग आवश्यक पहल गरिने छ ।
- देवदह नगरपालिकामा रहेका विद्यमान ऐतिहासिक, धार्मिक धरोहरहरुको संरक्षण, प्रवर्द्धनको कार्य गर्नुको अतिरिक्त अध्ययन/अनुसन्धानलाई अद्यावधिक गरि अभिलेखिकरण कार्यलाई निरन्तरता दिइने छ ।
- नगरपालिकाको मुख्य पर्यटकीयस्थलहरु जोडने सडक तथा पदमार्ग निर्माणलाई प्राथमिकता दिईने छ ।
- लुम्विनी विकासकोषसंगको सहकार्यमा यस नगरपालिका भित्र रहेका भवानीपुर, कन्यामाई, वैरीमाई र खयरडाँडा जस्ता पुरातात्विक क्षेत्रहरुको संरक्षण गर्दै Geo Physical सर्भे गरी उत्खनन कार्य प्रारम्भ गरिने छ ।

- नगरभित्रका विभिन्न जात जातीहरुको साँस्कृतिक परम्परा झल्काउने संस्कृति प्रर्वद्धन कार्यक्रम संचालन गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गर्ने व्यवस्था मिलाईने छ ।
- लुम्विनी वौद्ध विश्वविद्यालयलाई देवदहको महत्वपूर्ण शैक्षिक पूर्वाधारको रुपमा विकास गर्न आवश्यक समन्वय र सहजिकरण गरिने छ ।
- लुम्विनी विकास कोषवाट निर्माण सम्पन्न भइसकेको Golden Temple of Laughing Buddha भवनमा यस देवदह क्षेत्रका ऐतिहासिक धरोहर संग सम्वन्धित सामाग्रीहरुको संग्रहालय र पर्यटन सूचना केन्द्र स्थापना गरिने छ ।
- यस नगरपालिकाभित्र रहेका यसोधरा पार्क, गौतम वुद्ध राष्ट्रिय उद्यान, मायादेवी पार्क, वुद्ध पार्क, भवानीपुर, कोलिय पार्क, जैविक विविधता पार्क (शिवालय सामुदायिक वन), वि पि पार्क, पुष्पलाल पार्क ,मदन आश्रित पार्क, बैकुण्ठ नगर बाल उद्यान, कोलिय बुद्ध पार्क, प्रगती बोटानिकल गार्डेन, सातपत्रे सिमसार क्षेत्र लगायतका पार्कहरुको पृथक पहिचान झल्कने गरी विकास गरिने लक्ष्य लिइने छ ।उक्त पार्कहरुमा आवश्यकता अनुसार काष्ठकला र प्रस्तर कलाको माध्यमवाट वौद्धकालिन सभ्यतासँग जोडिने गरी काष्ठकला, तथा प्रस्तरकला कार्यशालाहरु संचालन गरिने छ ।
- अन्तराष्ट्रिय भिक्षुणी बिहार निर्माणको लागि देवदह नगरपालिका तथा अन्तर्राष्ट्रिय भिक्षुणी संघको वीचमा भइसकेको संझौता (MOU) बमोजिम समयमै निर्माण कार्य सुचारु गर्न आवश्यक सहजिकरण गरिने छ ।
- ऐतिहासिक पाँकरी वृक्षको संरक्षण, प्रवर्द्धन गरिनुका साथै क्षेत्र विस्तारका लागि जग्गा प्राप्ति गर्न आवश्यक प्रक्रिया थालनी गरिने छ ।
- पर्यटन क्षेत्रको विकासको लागि महत्वपूर्ण क्षेत्र पर्यटकीय पूर्वाधार विकासका लागि आवश्यक जग्गा अधिग्रहण गर्ने नीति अवलम्वन गरिने छ ।
- रोहिणी नदीको सभ्यतासँग जोडिने नवीनतम अवधारणा ल्याई पर्यटनमा टेवा पुग्ने कार्यक्रम सञ्चालन गरिने छ । रोहिणी सिंचाई वाँधमा तिलोत्तमा नगरपालिका संगको साझेदारीमा वौद्ध सभ्यतासंग जोडी पर्यटन प्रर्वद्धनका कार्यक्रम बढाइने छ ।
- ऐतिहासिक रोहिणी नदिको दाँयावाँया करिडोरको अवधारणा अगाडी बढाई रोहिणी सभ्यताको उत्थानसंगै बौद्ध पर्यटकीय स्थलको रुपमा विकास गर्न संघ, प्रदेश, लुम्विनी विकास कोष र सरोकारवाला पालिकाहरुसंग सहकार्य गर्ने नीति अवलम्वन गरीने छ ।
- धार्मिक पर्यटनलाई टेवा दिन पुर्वाधार विकासमा सहयोग गर्ने नीति अवलम्वन गरीने छ । साथै यस क्षेत्रमा रहेका लोकेश्वर मन्दिर, दुर्गा पञ्चायन मन्दिर, सिद्धेश्वर महादेव मन्दिर, देवीदमार दुर्गा पञ्चायन मन्दिर, राधाकृष्ण मन्दिर, माथागढी मन्दिर, महाकालि शक्तिपिठ, ओम शिवशक्ति धाम, सत्य साई मन्दिर, ऐतिहासिक नागथान, मायादेवी मन्दिर, गौतमबुद्ध राष्ट्रिय उद्यानको दुर्गा मन्दिर लगायतका विभिन्न पर्यटन क्षेत्र विकास समितिहरुलाई पर्यटन विकासमा सक्रिय वनाइने छ ।
- धार्मिक पर्यटनको प्रवर्द्धन गर्न नगरपालिकाको वडा नं १० स्थीत कामधेनु गौशाला संरक्षण र व्यवस्थापनको कार्यलाई निरन्तरता दिईने छ । नगरपालिकाभित्र रहेका छाडा गाईहरुको व्यवस्थापनका लागी गौशाला संग समन्वय तथा सहकार्य गरिने छ ।
- देवदह नगरपालिकास्थीत पर्यटकीयस्थलको प्रवर्द्धन गर्न देवदह नगरपालिकाको चारवटै सिमा क्षेत्रमा क्रमश वौद्ध पहिचान झल्किने गरी प्रवेशद्धार निर्माण गर्ने कार्यलाई अगाडी बढाइने छ।
- सृष्टी सामुदायिक वनमा निर्माण हुने गरी बुद्ध माया अन्तराष्ट्रिय शान्ति उद्यान एवं संग्राहलयको विकास गर्न आवश्यक नीति अवलम्बन गरिने छ ।

- ऐतिहासिक पहिचान बोकेको गौतम बुद्धको मावलीस्थल देवदह नगरपालिकाको सास्कृतिक धार्मिक ऐतिहासिक पर्यटकिय क्षेत्रहरुलाई समेटेर नगर गित निर्माण गर्ने कार्यलाई अगाडी बढाइने छ ।
- पर्यटकीय सम्भावना बृद्धि गर्न देवदह नगरपालिकाको पर्यटन गुरुयोजना निर्माण गरी गुरुयोजना अनुसार पर्यटन क्षेत्रलाइ विकास गर्ने नीति अवलम्वन गरिने छ ।

४. सहकारी

- स्थानीय स्तरमा छहरिएर रहेको श्रम सिप र पुँजीलाई परिचालन गरी आय आजर्न बृद्धि, रोजगारी सृजना गरी गरिबी निवारणमा सघाउन सहकारी संस्थाहरुको अहम भुमिका रहने भएकोले सहकारीतामलुक विकास लाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- नेपाल सरकारले लिएको सरकारी, सहकारी र निजी गरी तीन खम्वे अर्थनीति अवलम्वन गर्दै सहकारी मार्फत उद्योग क्षेत्रमा हुने लगानीलाई वृद्धि गरि उद्योग मैत्री वातावरण सिर्जना गरी उत्पादन र रोजगारीमा जोड दिइनेछ ।
- अर्थव्यवस्थालाई चलायमान बनाउन सहकारीलाई एउटा महत्वपूर्ण आधारको रुपमा विकास गरिने छ जसबाट आयआर्जनका क्रियाकलापहरु, साना उद्योग, व्यवसाय र रोजगारीका क्षेत्रहरु बढ्नेछन् ।
- सहकारीहरुलाई कृषि क्षेत्रमा अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था मिलाइने छ ।
- एकै प्रकृतिका सहकारीमा **'एक सदस्य एक सहकारी'**को नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- सहकारीले स्विकृति लिदाका बखत लिएका उद्देश्य वमोजिम कार्य गरे नगरेको सम्बन्धमा निरीक्षण एवं अनुगमन गरी आवश्यक नियमन गरिने छ साथै उदाहरणीय कार्य गर्ने सहकारीलाई पुरस्कृत गरिने छ ।
- सहकारी संस्थाहरुलाई एक आपसमा एकिकरण (Merge) हुन प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- नगरपालिकाभित्र संचालित साना किसान सहकारी संस्था, वहुउद्देश्यीय सहकारी संस्था, कृषि सहकारी संस्था, वचत तथा ऋण सहकारी संस्था एवं दुग्ध उत्पादक सहकारीहरुको क्षमता अभिवृद्धि र संस्थागत विकासमा सहजीकरण गरिने छ ।
- नगरपालिका भित्र आर्थिक कारोबार गर्ने वित्तिय संघ संस्थाहरु नगरपालिकामा अनिवार्य रुपमा सूचीकृत हुनु पर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५. वित्तीय क्षेत्रहरु (राजश्व परिचालन)

- विविध विषयमा करका क्षेत्र पहिचान गरी करको दायरा फराकिलो वनाउदै लैजाने नीति लिइने छ । कर तिर्दा गौरवको अनुभुति हुने वातावरण सिर्जना गरिने छ ।
- करको दायरामा सूचिकृत हुने करदाताहरुको अभिलेखलाई Digitalized गरि अद्यावधिक गरिने छ । नगरपालिकाले प्रवाह गर्ने सेवा सुविधालाई कर संग आवद्ध गरी नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्ने रणनीति अवलम्वन गरिने छ ।
- राजश्व परामर्श समितिले दिईएको सुझावलाई आधारमानी कर, दस्तुर, शुल्क आदि निर्धारण गरी नगरपालिकाको आय श्रोतलाई दिगो वनाइने छ ।
- नगरपालिकालाई तिर्नुपर्ने कर तोकिएको अवधिमा वुझाई उत्कृष्ट कार्य गर्ने करदातालाई प्रोत्साहन स्वरुप सम्मान गर्ने नीति लिइने छ ।
- करदाता शिक्षा मार्फत नगरवासीलाई कर तिर्न अभिप्रेरित हुने वातावरण सिर्जना गरिने छ ।

- उद्योग/व्यापार क्षेत्रका संघ संस्थाहरुसंग सहकार्य गरी करको दायरा अभिबृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।
- नगरपालिका भित्रका हाटबजारहरुको उचित व्यवस्थापन गरि व्यवस्थित तवरले संचालन गर्ने कार्यलाई निरन्तरता दिई हाटवजारवाट प्राप्त हुने राजश्व वृद्धि गर्ने नीति अवलम्वन गरिने छ ।

## ख) सामाजिक विकास

### १. शिक्षा

- नगरभित्र एक गुरुकुल शिक्षा सञ्चालन गर्ने प्रक्रिया शुरु भइसकेको छ, यसलाई अझ सुदृढ गरी अगाडी बढाइने छ ।
- सामुदायिक विद्यालयका प्रारम्भिक वालविकासदेखि कक्षा ५ सम्मका सबै बालबालिकाहरुलाई दिवा खाजा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ ।
- दरवन्दी मिलानको ढाँचा स्वीकृत भैसकेको हुनाले त्यसको कार्यान्वियन गरि शिक्षकको समस्यालाई समाधान गर्नका साथै नगरपालिकाबाट नियुक्त स्वयंसेवी शिक्षक अनुदानलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्र रहेका सामुदायिक र संस्थागत विद्यालयका शिक्षकलाई सुचना प्रविधिको प्रयोग सम्बन्धी तालिम दिने कार्य प्रारम्भ भइसकेकोमा निरन्तरता दिइने छ ।
- विद्यालयका प्रधानाध्यापकहरुसँग कार्यसम्पादन करार गर्ने र प्र.अ.ले पनि सबै शिक्षकसँग कार्यसम्पादन करार गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ । यसबाट नतिजामुलक सिकाई, जिम्मेवारी ,उत्तरदायित्व र जवाफदेहिता बढ्न गई विद्यालयको समग्र क्रियाकलापमा गुणात्मक परिवर्तन आई सिकाई उपलब्धिमा समेत वृद्धि आउने छ ।
- सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरुको बैठक नियमित रुपमा सञ्चालन गरिने छ ।
- नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुलाई सेनिटरी प्याड वितरणको कार्यलाई निरन्तरता दिइने छ ।
- सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा विशेष ध्यान दिइने छ ।
- आधारभुत तहको परीक्षालाई मर्यादित, विश्वसनीय, विद्यार्थी मैत्री र प्रतिस्पर्धी बनाउने कार्यलाई निरन्तरता दिइने छ ।
- शैक्षिक सत्र २०७८ देखि नगरभित्रका सबै विद्यालयहरुमा सामाजिक र नैतिक विषयलाई नेपाली भाषा माध्यम भाषाको रुपमा प्रयोग गरी पठनपाठन गर्नै पर्ने अनिवार्य व्यवस्था गरिने छ ।
- सामुदायिक वालविकासमा कार्यरत सहयोगि कार्यकर्ता र विद्यालय कर्मचारीको मनोवल उच्च राखि राख्न तालिम दिइनुका साथै निजहरुको पारिश्रमिकमा नेपाल सरकारले घोषणा गरेअनुसारको सेवा सुविधा उपलब्ध गराइनेछ ।
- शैक्षिक सत्र २०७८ देखी कक्षा ११ र १२ लाई दिवासत्रमै पठनपाठन गर्नुपर्ने व्यवस्थालाई पुर्णत कार्यान्वियन गरिने छ ।
- आधारभुत तहमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिइने छ ।
- विद्यार्थी संख्या न्युन भएका विद्यालयहरुलाई विद्यार्थी संख्या वृद्धि गर्न उत्प्रेरित गर्ने कार्यलाई निरन्तरता दिइनुका साथै आवश्यकता अनुसार विद्यालय समायोजन गर्ने नीति अवलम्वन गरिने छ ।
- शिक्षकहरुलाई कार्यसम्पादनका आधारमा पुरस्कार र दण्ड दिने नीति अवलम्वन गरिने छ ।

- कोभिड १९ को कारणले बालबालिकाको पढाइमा परेको प्रभाव कम गर्न संघीय, प्रदेश र अन्य स्थानीय तहसंग सहकार्य गरी सकेसम्म उनीहरुको सिकाइमा क्षति पुग्न नदिने बैकल्पिक विधि र प्रकृयाहरुको कार्यान्वयनमा जोड दिइने छ ।
- कक्षा ८ देखि १२ सम्म सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थिहरुलाई सिकाइ एप्सको प्रयोगको व्यवस्था मिलाइनेछ ।
- योग्यतम विद्यार्थिहरुको खोजि एवं प्रतिभा पहिचानका लागि Talent Hunt Program सञ्चालन गरिने छ ।
- शिक्षकलाई परामर्श सेवा र तहगत रुपमा नतिजा विश्लेषण कार्य गरिने छ ।
- सामुदायिक विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुलाई पुरस्कृत गर्दा विद्यालय उमेरका आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पठनपाठन गराउनेलाई प्राथमिकता दिने नीति लिइनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा एउटै रङ्गद्धारा रङ्गरोगन गर्ने नीति लिइने छ ।
- देवदहको जनसंख्याको लागि आवश्यक पर्ने विद्यालय संख्या पर्याप्त रहेकोले धार्मिक र मातृभाषि विद्यालयहरु बाहेक अन्यमा कक्षा १ खोल्ने नयाँ अनुमति नदिइने नीति लाई निरन्तरता दिइनेछ ।
- अति विपन्न विद्यार्थिहरुका लागि मापदण्ड वनाई स्टेशनरी उपलब्ध गराउने नीति लाई निरन्तरता दिइने छ ।
- स्थानीय पाठ्यक्रम अनुसार बन्ने देवदह परिचय र बुद्ध शिक्षा, नैतिक र सामाजिक विषय नेपाली भाषामा शिक्षण र कक्षा ११ र १२ को दिवा शत्रमा संचालनलाई विद्यालय, शिक्षक र प्रधानाध्यापकको कार्यसम्पादन संग जोडेर पुरस्कृत वा दण्डित गर्ने आधारको रुपमा लिइने छ ।
- नगरपालिका वाट लिइने आधारभुत तहको कक्षा ८ को परिक्षामा संस्थागत विद्यालयका विद्यार्थिहरुसंग शुल्क नलिने नीति लाई निरन्तरता दिइनेछ ।
- अभिभावक सचेतना कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिने छ ।
- नगरपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुको सम्पत्ति विवरण एकिन गरि सो को विवरण नगरपालिका कार्यालयमा राख्ने नीति अवलम्बन गरिने छ ।
- सामुदायिक विद्यालयमा कार्यरत सबै किसिमका महिला शिक्षकहरुले ९८ दिन प्रसुति विदा बस्न पाउने कानुनी व्यवस्थाको सुनिश्चितता गरिनुका साथै त्यसरी प्रसुति विदा बसेको समयमा स्वयंसेवि रुपमा शिक्षण गर्न इच्छुक विद्यार्थिहरुलाई यातायात तथा खाजा खर्च उपलब्ध गराई विद्यालयको पठनपाठन सुचारु राख्ने व्यवस्था मिलाइनेछ ।

## २. स्वास्थ्य

- कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि खोप लगाउने कार्यलाई व्यवस्थित बनाउन आवश्यक सहजिकरण गरिनेछ ।
- देवदह नगरपालिकाको तीन वटै स्वास्थ्य चौकिहरुवाट प्रसुति सेवा सञ्चालनका लागि निर्मित भौतिक पुर्वाधारहरुको निर्माणलाई निरन्तरता दिइने छ ।
- देवदह नगरपालिकालाई पूर्ण संस्थागत प्रसुति गराई (zero home delivery) नगरपालिका घोषणा गर्न नियमित गर्भवती जाँच र स्वास्थ्य संस्थामा सुत्केरी भएकालाइ न्यानो झोलाको साथमा पोषिलो झोला वितरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

- गर्भवती महिलाले चार पटक गर्भजांच गरेवापत स्वास्थ्य संस्थावाट क्याल्सीयम उपलब्ध गराउने व्यवस्था जारी राखिने छ जसवाट आमा र वच्चाको पोषण स्थितिमा सुधार आउने छ ।
- खोप तथा गाउँघर क्लिनिकहरुलाई व्यवस्थित गर्न भवन निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
- नगरपालिका पूर्ण खोप युक्त क्षेत्र घोषणा भैसकेको हुँदा यसलाई पुर्ण खोप सुनिश्चितता र दिगोपनका लागि कार्यक्रम सञ्चालन गरिने छ ।
- संघ तथा प्रदेश स्वास्थ्य निकायसंग समन्वय गरी स्थायी वन्ध्याकरण शिविर संचालन गरिने छ ।
- स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री वनाइने छ ।
- औषधी आपूर्ति तथा भण्डार व्यवस्थापनमा विशेष प्राथमिकता दिइने छ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको मनोवल उच्च राख्न दुर्घटना विमालाई निरन्तरता दिइने छ ।
- ६० वर्षभन्दा माथिका मधुमेह तथा उच्च रक्तचापका विरामी नगरवासीहरुका लागी मेटफर्मिन ५०० तथा एम्लोडिपिन ५ औषधी निशुल्क उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइने छ ।
- निर्माणाधिन वडा स्वास्थ्य केन्द्र भवन सम्पन्न गरी आवश्यक जनशक्ति सहित सेवा प्रदान सुरु गरिने छ ।
- ज्येष्ठ नागरिक (७५ वर्ष भन्दा माथि) का लागि स्वास्थ्यकर्मीद्धारा घरदैलो स्वास्थ्य जाँच तथा आधारभुत उपचार कार्यक्रम सञ्चालन गरिने छ ।
- देवदह नगरवासीहरुलाई स्वस्थ वनाउन विभिन्न जनचेतनाका कार्यक्रम सञ्चालन गरिनुका साथै स्वास्थ्य शिविर संचालन गरिने छ ।
- धुम्रपान, मद्यपान एवं सुर्तिजन्य पदार्थ तथा लागु औषध नियन्त्रण र नियमन गर्न कार्यविधि निर्माण गरी कडाईका साथ लागु गरिने छ ।
- देवदह स्वास्थ्य चौकिलाई १५ शैयाको अस्पताल निर्माण कार्यलाई निरन्तरता दिइ अर्को वर्षमा सम्पन्न गर्ने लक्ष्यका साथ अगाडी बढीने छ ।नगरको दक्षिण भेगको स्वास्थ्य सुविधाको अवस्थालाई मध्यनजर गर्दै १५ शैयाको अस्पताल निर्माण गर्ने कामको सम्भाव्यता अध्ययन गरिने छ ।
- स्वास्थ्य संस्थाहरुमा सुत्केरी जाँच (PNC) सेवालाई वृद्धि गर्न आवश्यक नीति लिइने छ ।
- ४ पटक गर्भवती जाँच अनिवार्य गराउनका लागी गर्भवती तथा आमा समुह हरुलाई अभिमुखिकरण कार्यक्रम सबै वडाहरुमा संचालन गरिने छ।
- देवदह अस्पताल निर्माण नहुँदा सम्म १ जना चिकित्सक (डाक्टर) द्धारा नगरभरीका स्वास्थ्य चौकिहरुमा आलोपालो सेवा प्रदान गर्ने व्यवस्था मिलाईने छ ।
- पाँचवटै स्वास्थ्य चौकीहरुमा ICT मार्फत Data Entry Reporting System लाई थप व्यवस्थित गरिने छ।
- नगरका सबै विद्यालयहरुमा स्वास्थ्यकर्मीको व्यवस्था मिलाउन शिक्षा तथा खेलकुद मन्त्रालयसँग समन्वय गरिने छ।
- महिला स्वयंसेविका तथा सरकारी विद्यालयहरुमा स्वास्थ्य शिक्षा अध्यापन गर्ने शिक्षकहरुलाई प्राथमिक उपचार सम्बन्धी अभिमुखिकरण गरि एक पटकको लागी सामाग्रिहरु वितरण गरिने छ।
- महामारी रोग नियन्त्रण तथा रोकथामको लागि आकस्मिक कोषको स्थापना गरि रकमको व्यवस्था गरिने छ ।
- स्वास्थ्य सेवामा खटिएका कर्मचारीहरुलाई सक्रीय एवं प्रभावकारी गराउन संघ तथा प्रदेश संग समन्वय गरी क्लिनिकल अपडेट तालिमको व्यवस्था गरिने छ।
- जलवायु परिवर्तन सम्बन्धी सचेतना अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- डेंगुरोग नियन्त्रण तथा रोकथाम कार्यक्रम सञ्चालन गरिनेछ ।

- उपप्रमुखसंग वालवालिका तथा गर्भवती पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- आँखा अस्पताल संगको सहकार्यमा मोतिविन्दु भएका व्यक्तिहरुलाई निशुल्क अपरेशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गमैत्री कार्यक्रम संचालन गर्न स्वास्थ्य शिविर र सहायक सामाग्री उपलब्ध गराइने छ ।
- विभिन्न रोगहरुवाट पिडित भई रगतको आवश्यक परेका नगरवासीहरुलाई निशुल्क रगत उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- निजी मेडिकलहरुलाई व्यवस्थित गर्दै Reporting को दायरामा ल्याउन कार्यक्रम संचालन गरिने छ ।
- ६० वर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई स-सम्मान बिदाई दिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- अति शिघ्र कुपोषणलाई निर्मुल गर्न समुदायमा सचेतना सहित खोज पडताल कार्यक्रम संचालन गरिने छ ।
- पूर्ण खोप र तौल अनुगमन बृद्धिमा नियमितता ल्याउन **बच्चा जोखौं ,आयोनुन र अण्डा बोकौं** कार्यक्रमलाई संचालनमा ल्याइने छ ।
- **'बढ्दो संक्रामक रोग र दीर्घ रोगको अवस्था, अस्पताल सम्मको सहज पहुँचता'** भन्ने लक्ष्य प्राप्तिका लागि नगरपालिकावाट एम्वुलेन्स सेवा संचालनमा ल्याइने छ ।
- सरुवा रोग अस्पताल स्थापना गर्न आवश्यक पहललाई अगाडी बढाइने छ ।
- प्रदेश सरकारसंगको सहकार्यमा प्रदेश स्वास्थ्य सम्बन्धि आवासिय तालिम संचालन गर्न स्वास्थ्य तालिम केन्द्रको पूर्वाधार विकासको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्न समन्वय र सहजिकरण गरिने छ ।
- नगरवासीहरुलाई सहुलियत दरमा औषधी उपलब्ध गराउने उद्देश्यका साथ **'नगर फार्मेसी'** संचालन गर्नका लागि संभाव्यता अध्ययन गरि कार्यान्वयन गरिने छ ।
- **स्वास्थ्य बिमामा सहजता, सबै नागरिकको पहुँचता** भन्ने नारालाई पुर्णता दिन बिमाको प्रथम प्रवेश बिन्दु देवदहलाई बनाउने प्रकृया अगाडि बढाइनेछ ।
- मुसहर जाति लगायत अति बिपन्न परिवारलाई राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रममा समेट्न ५० प्रतिशत सुबिधा अनुदानमा दिने व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयहरुका किशोरिहरुको रक्तअल्पताको अवस्थाबारे थाहा पाउन एक पटक प्रयोगशाला जाँच तथा शारिरिक परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- समुदायमा मधुमेह तथा मृगौला रोगको अवस्था बुझ्न प्रयोगशाला जाँच गर्ने नीति लिइनेछ ।
- **बच्चा खोजौं र खोपौं** कार्यलाई निरन्तरता दिई पूर्ण खोपको सुनिश्चितता गर्ने नीति लिइनेछ ।

<u>३. खानेपानी तथा सरसफाई</u>

- लुम्विनी प्रदेश सरकारको सहकार्यमा तयार भएको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना (WASH PLAN) का आधारमा आवश्यक योजना बनाई प्रदेश सरकार संगको सहकार्यमा कार्यान्वयन गर्ने नीति लिईने छ ।
- शुद्ध खानेपानीमा पहुँच भएको जनसंख्या बृद्धिका लागि सहलगानीका खानेपानी आयोजनामा नगरपालिकाको तर्फवाट सहभागिता जनाउने नीतिलाई निरन्तरता दिइने छ।
- नगरपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरु तथा कार्यालयहरुमा हरेक शुक्रवार कार्यालय परिसर सरसफाई गर्ने अभियान संचालन गरिने छ ।

- फोहोरमैला व्यवस्थापन एवं सरसफाइ सम्बन्धी कार्यका लागि विभिन्न संघ संस्थाहरुसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- यस नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगरपालिका वनाउनका लागि पूर्ण सरसफाई क्रियाकलाप अभियानका रुपमा संचालन गरिने छ ।
- निर्माणाधिन खानेपानी आयोजनाहरुलाई यथाशिघ्र निर्माण सम्पन्न गरी संचालनमा ल्याउने कार्यका लागि आवश्यक कार्य गरिने छ ।
- दाउन्ने, क्याप्टेनवास, भुलभुले, आँधिखोला, शिवालय, सरनवारी, केउली, सटाकखोला, उजेरी, मुढावास, दलदले लडियावास क्षेत्रमा शुद्ध खानेपानीको सहज पहुँचका लागि सम्बन्धित निकायहरुमा आवश्यक पहल गरिने छ ।

**४.संस्कृति प्रवर्द्धन**

- नगरपालिका भित्रका सबै जातजाति, भाषा, धर्म, मौलिक संस्कृति र परम्परा हाम्रा गौरव हुन तिनीहरुको संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- जाती र स्थान विशेषका धार्मिक संस्कृतिको संरक्षण सम्वर्धन गर्नको लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिने छ ।
- कला, संगीत र साहित्यको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइने छ ।
- देवदह नगरपालिका वडा नं ५ मा रहेको शवदाहस्थललाई स्थानान्तरण गर्न सुनवल नगरपालिका संगको सहकार्यमा लौकेश्वर क्षेत्रमा संयुक्त शवदाहस्थल निर्माण गर्न संभाव्यता अध्ययन गरी कार्यान्वियन गरिनेछ साथै देवदह १० बडेरीडाँडाको रोहीणी शवदाहस्थललाई व्यवस्थित गरिने छ ।

**५. युवा,खेलकुद तथा मनोरञ्जन**

- संघीय सरकार र देवदह नगरपालिकाको सहलगानीमा पानवारी खेल मैदान र निर्माण शुरु भैसकेको शीत्तलनगर क्रिकेट मैदान निर्माण गर्ने कार्यलाई अगाडि बढाइनेछ ।
- देवदह मेयर कप अन्तर वडा स्तरीय रनिङ सिल्ड फुटवल प्रतियोगिता र उपमेयर कप छात्रा भलिवल प्रतियोगिता लगायतका कार्यक्रमलाई निरन्तरता दिदै राष्ट्रीय खेलहरु समावेश गरी नगर खेलकुद महोत्सव सम्पन्न गरिने छ । फुटवल, भलिवल र क्रिकेट खेलको लागी प्रशिक्षणको समेत व्यवस्था मिलाइनेछ ।
- विभिन्न खेलकुदहरुमा सहभागी भै छानिएका खेलाडीहरुवाट नगरपालिका स्तरीय टिम वनाई अन्तर जिल्ला एवं अन्तरपालिका स्तरीय खेलकुदमा सहभागी गराउने नीतिलाई निरन्तरता दिइनेछ ।
- समुदायको लगानीमा निर्माण हुने खेलकुद पुर्वाधारहरुमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- प्रदेश स्तरको अन्य खेलमैदान निर्माणको सम्भाव्यता अध्ययन गरी निर्माणका लागि सम्वन्धित निकायसँग पहल गरिने छ ।
- युवाशक्तिमा रहेको रुचि, क्षमता र स्थानीय आवश्यकता अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत स्थानीय युवाहरुलाई रोजगारीमा जोडीने छ ।
- सबै विद्यालयका खेलकुद शिक्षकहरुलाई आवश्यकताअनुसार प्रशिक्षण दिने नीति अवलम्वन गरिने छ ।
- नगरपालिका भित्रका विभिन्न स्थानमा रहेका पिकनिक स्थलहरुको स्तरोन्नती गरी व्यवस्थित एवं सुविधासम्पन्न वनाउने नीति लिइने छ ।

## ६. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

- लैङ्गिक हिंसा न्युनिकरणका लागी अभियान संचालन गरिनेछ। विभिन्न संचार माध्यमसँगको सहकार्यमा लैङ्गिक क्षमता सम्बन्धि जनचेतना अभिवृद्धी गरिनेछ।
- कोभिड-१९ बाट जोखिममा परेका महिला, अपाङ्गता भएका व्यक्तिहरु र ज्येष्ठ नागरिकहरुका लागि आर्थिक उपार्जन हुने किसिमका कृयाकलापहरु संचालन गरिनेछ ।
- महिलाहरुमा भएको परम्परागत सीप प्रवर्द्धन गर्नुका साथै महिला उद्याशिलता सम्बन्धि कार्यक्रमहरु संचालन गरिनेछ ।
- तेश्रो लिङ्गि तथा समलिङ्गिहरुका लागि सकारात्मक सोच सम्बन्धि चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- अति विपन्न तथा एकल महिलाहरुका लागि आयआर्जन सम्बन्धि सिपमुलक तालिम संचालन गरिनेछ ।
- किशोर किशोरीहरुका लागि लागुऔषध दुर्व्यसनी न्युनिकरण तथा प्रजनन स्वास्थ्य सचेतना सम्बन्धि कार्यक्रमहरु संचालन गरिनेछ ।
- बालश्रम, बालबिवाह जस्ता कुरितिजन्य प्रथाहरुलाई अन्त्य गर्नका लागि विभिन्न चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- समाजमा अग्रज सम्मानित ज्येष्ठ नागरिकहरुको भुमिका र योगदानलाई उच्च महत्व दिइनेछ । ज्येष्ठ नागरिकहरुको संरक्षण साथै सम्मान कार्यक्रमहरु संचालन गरिनेछ ।
- आर्थिक सामाजिक, शैक्षिक तथा राजनैतीक रुपमा पछाडि परेका वा पारिएका महिला,दलित,अपाङ्ग,आदीवासी जनजाति, मधेसी तथा मुस्लिम बर्गहरुलाई मुलप्रवाहमा ल्याउन विविध कार्यक्रम संचालन गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुलाई आत्मनिर्भर एवं सक्षम बनाउनका लागि उनिहरुलाई सहयोग पुग्ने किसिमका कृयाकलापहरु संचालन गरिनेछ ।
- उपप्रमुख संग महिला कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुलाई smart card वितरणको व्यवस्था गरिने छ ।
- मध्यम अपांगता 'ग बर्ग' (पहेलो परिचयपत्र) प्राप्त भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने नीति लिइनेछ ।

## ७. बालमैत्री स्थानीय शासन

- देवदह नगरपालिकालाई वालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक पर्ने सम्पुर्ण पुर्वाधार तयार गर्ने नीति लिइने छ ।
- नगरपालिका भित्रका सम्पुर्ण पुर्वाधारहरुलाई वालमैत्री वनाउने नीति अवलम्वन गरिने छ ।

- वालवालिकासंग सम्वन्धित अन्तर सम्बन्धित मुद्दाहरु (Cross Cutting Issues) हरुलाई एकिकृत योजना निर्माण गरि संवोधन गर्ने नीति अवलम्वन गरिने छ ।
- वालवालिकाहरुको अधिकारको रक्षाका निम्ति आवश्यक पर्ने विभिन्न संयन्त्रहरु निर्माण गरी कार्यक्रम संचालन गर्ने नीति लिइने छ ।
- नगरभित्र रहेका सबै विद्यालय, खानेपानी, स्वास्थ्य संस्था, सामुदायिक वन लगायतका संघ संस्थाहरुमा बाल क्लबको तर्फवाट अनिवार्य प्रतिनिधित्व शुनिश्चित गर्ने नीति लिइने छ ।
- वालविवाहलाई निरुत्साहीत गर्न नगरपालिका भित्र विभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने नीति लिइने छ ।

<u>ग) पूर्वाधार विकास</u>

<u>१. योजना छनौट संझौता तथा कार्यान्वयन</u>

- योजना छनौट प्रकृया Bottom up approach मा अवलम्बन गरिने छ ।
- गत आ.व. मा संकलन गरिएको राजश्व र चालु आ.व. को ज्येष्ठ मसान्तभित्र संकलन गरिएको राजश्वको अन्तरको प्रतिशतलाई आधार मानि बढी प्रतिशत राजश्व संकलन गर्ने वडालाई सम्मानित गर्ने नीति लिइनेछ साथै उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समिति तथा वडालाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- उपभोक्ता समिती मार्फत सञ्चालन हुने योजनाहरुमा कम्तिमा १५ प्रतिशत लागत सहभागिता गर्नुपर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- उपभोक्ता समितिवाट सञ्चालन हुने योजनाहरु सोही आ.व. को वैशाख मसान्त सम्म संझौता गरिसक्नु पर्ने नीति लिइने छ ।
- नगरपालिका वा वडा बाट सडक कालोपत्रे का लागि विनियोजन भएको रु १५ लाख सम्म का योजना उपभोक्ता बाट सम्पन्न गर्नुपर्ने भएमा उपभोक्ता समितिले समितिको नाममा बैंकमा खाता खोली लागत सहभागिता गर्ने रकम खातामा जम्मा गरी योजना सम्झौता गर्ने नीति अवलम्बन गरिनेछ ।
- प्रत्येक वडामा ५० लाख बराबरको **एक योजना** निर्माण गरी कार्यान्वयन गर्ने कार्यलाई शुरुवात गर्ने नीति लिइनेछ ।
- प्रत्येक वडामा कम्तिमा १५ लाख वरावरको वडास्तरीय गौरवको योजना वनाउने कार्यलाई निरन्तरता दिइने छ ।
- नगरस्तरीय गौरवका आयोजना र दीर्घकालिन प्रभाव पार्ने योजनाहरुलाई रकम सुनिश्चीतता गरेपछि मात्र अन्य योजनामा रकम विनियोजन गर्ने नीति अवलम्वन गरिने छ ।
- सडक, कुलो, नहरको अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा वनाउने कार्यलाई निरुत्साहित गर्दै त्यस्ता कार्य भए गरेमा कानूनी सजायको दायराभित्र ल्याउने नीति लिइने छ । नगरपालिका क्षेत्रभित्र रहेका GPS समेत भइसकेका सार्वजनिक जग्गाहरुको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिईने छ ।
- योजनाको अनुगमन तथा प्राविधिक प्रतिवेदनको आधारमा भुक्तानीको व्यवस्था मिलाइने छ ।
- उपभोक्ता समितिको कार्य क्षमता, कार्यकुशलता अभिवृद्धि गर्न अभीमूखिकरण कार्यक्रम संचालन गरिने छ ।
- सडक गुरुयोजना तयार गरी लागु गरिने छ ।

- नगरपालिकाबाट सञ्चालन गरिने सडक कालोपत्रे लगायत अन्य पूर्वाधार विकासको काममा दिगोपना र प्रभावकारिताका लागि Quality Assurance Plan (गुणस्तर सुनिश्चित कार्य योजना) बमोजिम प्रयोगशाला स्थापना तथा संचालन गरिने छ ।
- निजी जग्गामा पर्ने सडकहरुको लगत कट्टा गरी सार्वजनिक वाटो कायम गर्ने कार्यको थालनी गरिने छ ।
- देवदह चक्रपथको सम्भाव्यता अध्ययन गर्ने कार्यलाई पूर्णता दिइने छ ।
- नगरपालिका भित्रका सबै सडकहरुको नामाकरण गरि सडक अधिकार क्षेत्रको सुनिश्चितता गर्ने जिम्मा वडा कार्यालयहरुलाई दिने नीति अवलम्बन गरिने छ ।
- स्थानीय पुल, पालिका पालिका जोड्ने सडक र डि.पी.आर. भएका ठुला पुर्वाधार निर्माणका लागि आवश्यक योजना र बजेट संघीय र प्रदेश सरकारसंग माग गरिने छ ।
- जनसंख्या, भौगोलिक स्थिति तथा राजश्व परिचालन क्षमतालाई आधार मानि बजेट छुट्याउने नीति लिइने छ ।
- संघीय सरकारबाट विस्तृत परियोजना प्रतिवेदन **(DPR)** सम्पन्न भैसकेका देवदह नगरपालिकाको वडा नं. ५ को सिमा देखि डाँडाटोल मायादेवी खानेपानी सिङ्गाहा हुँदै पिपरिया देवीदमार सृष्टी सामुदायिक वन सम्म जाने सडक र वडा नं. ११ को प्रगति मा.वि., शंकरपुर, सौदनिया, कदमीपुर हुँदै रामपुर रेहरा चौराहा सम्मको कालोपत्रे बाटोको निर्माण कार्य भइरहेको छ, उक्त योजना सम्पन्न गर्नको लागि संघीय सरकारसंग आवश्यक पहल गरिनेछ ।
- वडा नं ८ को मुखियाटोल देखि भवानिपुर जाने बाटोमा पक्कि पूल निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्य अगाडी बढाउने नीति लिइने छ ।
- महत्वपुर्ण योजनाको पहिचान गरी प्रोजेक्ट बैंक तयार गरी डि पि आर गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- वडा नं. १० को मुढावास र वडा नं. ६ को सरनटाँडी झोलुङ्गे पुलको निर्माण कार्यलाई अगाडि बढाइनेछ ।
- देवदह नगरपालिका वडा नं. ६ सरनटाँडी स्थित पक्की पुलको सर्भे डिजाइन कार्य सम्पन्न भइसकेको छ, उक्त योजनाको निर्माण कार्य समयमा नै सम्पन्न गर्न प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ ।
- देवदह ११ मधपुर र पण्डित टोलको विचमा पर्ने महाउ खोला र सिक्टहन पुरषोत्तमपुरको बिचमा पर्ने रोहिणी खोलामा सर्भे डिजाइनको काम अगाडि बढाउन लुम्बिनि प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालयमा आवश्यक पहल गरिनेछ ।

## <u>२. सिँचाई</u>

- नगरपालिका भित्रका कृषियोग्य भूमिमा सिँचाइको व्यवस्था मिलाइने छ ।
- भै.लु.भु.ज.प. वाट स्थापित सिँचाई योजनाहरुलाई पुनः सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ ।
- हाल संचालनमा रहेका र निर्माणाधिन कलुवा बाँध सिंचाई योजना, कजरार नदी ढुङ्गे वाँध सिंचाई योजना, सोइया सिंचाई योजनाको निरन्तरताको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ ।
- निर्माण प्रकृया शुरु भइसकेको देविदमार बड्की बाध सिंचाई योजना समयमै सम्पन्न गर्न सहजिकरण गरिने छ ।
- बङ्गला बङ्गाली सिंचाई बाँध, कदमिपुर कजरार सिंचाई बाँध, पनफेक्का सिंचाई बाँध जस्ता सबै सिंचाइका योजनाहरुको बाँध तथा कुलो संरक्षण ,प्रवर्द्धन र पूनर्निमाण मा जोड दिइने छ ।

- देवदह २ मा निर्माणाधिन रोहिणी सिंचाई बाँध योजना अनुरुप समयमै सम्पन्न गर्नका लागि आवश्यक सहजिकरण र विशेष जोड दिइने छ ।

## ३. भवन तथा सहरी विकास

- नगरपालिकाको तत्कालिन, मध्यकालिन एवं दिर्घकालिन विकासको लागि संघीय एवं प्रादेशिक योजनासंग आवद्ध गर्दै नगरपालिकाको बस्तुगत तथ्यमा आधारित भई आवधिक योजना निर्माण गर्ने कार्य पुरा गरिने छ ।
- पुर्जा, नक्सा र भोगचलन फरक पर्न गई नक्शा पास गर्ने प्रक्रियामा भएको कठीनाइलाई दृष्टिगत गरी हाल साविक वा पुनः नापी गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- घर जग्गा नक्सा पासलाई अझ प्रभावकारी ढंगले नियमित गर्दै लगिने छ ।
- नगरपालिका क्षेत्रभित्र बन्ने घरहरुको नक्सा बनाउने परामर्शदाता अनिवार्य रुपमा नगरपालिकाको कार्यालयमा सुचिकृत हुनुपर्ने र सूचिकृत नभएको परामर्शदातावाट पेश गरेको घर नक्सा स्विकृत नगर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- घर नक्सा सम्बन्धि नगरपालिकाले अवलम्वन गरेको नीति र परामर्शदाताले गरेको कार्य बाझिन गई सेवाग्राहीले व्यहोर्न परेको असुबिधा अन्त्यका लागि सुचिकृत परामर्शदाताहरुलाई अभिमुखिकरण गरिने छ ।
- भवन संहिता तथा निर्माण सम्बन्धि मापदण्ड विपरित नक्सा तयार गरेमा तथा भवन संहिता विपरित भवनको Structural Design गरेमा वा गलत प्रमाणित गरेमा यसको जिम्मेवार सोहि परामर्शदाता हुने नीति लिइने छ ।
- नेपाल सरकारवाट जारी भएको राष्ट्रिय भवन संहितालाई क्रमश लागु गर्दै जाने नीति लिइने छ ।
- राष्ट्रिय भवन संहिताको मापदण्ड विपरित नभएको अवस्थामा नगरवासिको अनुरोधलाई ध्यान दिई पुराना भवनहरुको अभिलेखिकरणको कार्यलाई थप व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- ईलाका प्रहरी कार्यालय स्थापनाका लागि जग्गाको भोगाधिकार लिने कार्यलाई अगाडी वढाइने छ ।
- देवदह नगरपालिका वडा नं ९ मा रहेको प्रदर्शनी स्थलको गुरुयोजना बनाई सोही अनुरुप जग्गाको संरक्षण र संरचना निर्माण कार्यलाई अगाडी बढाइने छ ।
- नगरक्षेत्रभित्र उपयुक्त स्थानको पहिचान गरी नगर वसपार्क निर्माण गर्नको लागि सम्भाव्यता अध्ययन गरिने छ, साथै नगरक्षेत्रभित्र संचालन हुने ई-रिक्सा, टेम्पो, तिनपाङ्ग्रे आदी सवारी साधनको भाडादरमा एकरुपता ल्याउन शुल्क तोकि नियमन तथा संचालनको व्यवस्था मिलाइने छ ।
- नगरपालिकालाई हरियाली नगर बनाउने नीति अवलम्बन गरिने छ ।
- नगरक्षेत्रभित्र आवासीय, व्यापारिक, औद्योगिक, वा अन्य कुनै प्रकारको भौतिक संरचना निर्माण गर्नुपूर्व अनिवार्य रुपमा नक्सा पास गर्नुपर्ने नीतिलाई अवलम्वन गरिनेछ ।

## ४. उर्जा

- विद्युतिकरण हुन वाँकी रहेका वस्तीहरुमा विद्युत प्राधिकरणको सहकार्यमा विद्युतिकरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- विद्युत भोल्टेज कम भई आम नगरवासीलाई भएको असुविधा अन्त्य गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।
- संघीय सरकारको सहकार्यमा सौर्य उर्जा प्रविधि जडान, बायोग्यास जडान, सुधारिएको चुलो (बायोमास) प्रविधि जडान कार्यलाई निरन्तरता दिइने छ ।

**५. सञ्चार**

- नगरवाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने नीति लाई निरन्तरता दिइने छ ।
- नगरका गतिविधीहरु वारे आम नगरवासी लाई सुसुचित गर्न स्थानीय पत्रपत्रिका रेडियो र टेलिभिजनवाट नियमित कार्यक्रम संचालन गरिने छ । स्थानीय एफ.एम. रेडियोको प्रवर्द्धनका लागि पहल गरिने छ ।
- नगरपालिकाको सुचना र जानकारीहरुको लागि नगरपालिकाको वेवसाइटलाई निरन्तर अद्यावधिक राख्ने व्यवस्था मिलाईने छ ।
- रेडियो, टेलिभिजन तथा पत्र पत्रिकासँग समन्वय गरी नगरपालिकाबाट प्रदान गरिने सेवा, सुविधा, विविध जानकारीहरु, सूचना तथा शिक्षामूलक सन्देश प्रवाह गरिनेछ ।
- टेलिफोन लाइन तथा मोवाइल नेटवर्क नपुगेका स्थानमा सेवा विस्तारका लागि सम्वन्धित निकायमा आवश्यक पहल गरिने छ ।

**घ) वातावरण तथा विपद व्यवस्थापन**

**१. वन तथा भू संरक्षण**

- नगरपालिका क्षेत्रका सार्वजनिक तथा सामुदायिक वनमा रहेका वनजन्य स्रोत तथा वन्य जन्तुहरु एवं जैवीक विविधताको संरक्षण गरिने छ । साथै नगरक्षेत्र भित्र रहेका प्राकृतिक र सार्वजनिक पोखरीको पहिचान गरी संरक्षण र संवर्द्धन गर्ने नीति लिइने छ ।
- नगरपालिकामा रहेका नदी उकास जग्गा, सामुदायिक वन, निजी वन तथा सार्वजनिक र खाली जग्गाहरुमा स्थानीयको सहभागितामा वृक्षारोपण कार्यक्रम संचालन गरिने छ ।
- वन सम्पदाको संरक्षण तथा व्यवस्थापन गर्दै आर्थिक विकासमा टेवा पुऱ्याउन उपभोक्ताहरुलाई अभिप्रेरित गरिने छ ।
- सामुदायिक वनहरुले गर्ने आय आर्जनलाई नगरपालिकाको विकास निर्माणको मूल प्रवाहिकरणमा सहयोग पुग्ने गरी नीति वनाई लागू गरिने छ ।
- नगरक्षेत्रभित्र रहेका सामुदायिक बनहरुले बनाएको कार्ययोजना नगरपालिकावाट स्विकृत गराई कार्यान्वयन गर्नुपर्ने र स्थानीय सरकार संचालन ऐन ले तोकेको शुल्क अनिवार्य रुपमा सामुदायिक बनहरुले नगरपालिकामा जम्मा गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिने छ ।
- वातावरण मैत्री स्थानीय शासन प्रारुप तयार गरि कार्यान्वयन गर्दै लगिने छ ।
- जलवायु परिवर्तनवाट हुने असरलाई न्यूनीकरण गर्न वातावरण संरक्षणमा सहयोग पुऱ्याउने खालका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- प्रारम्भिक वातावरणीय मुल्यांकन (IEE) समयमै सम्पन्न गरी नदीजन्य पदार्थ उत्खनन तथा निकासी गर्ने व्यवस्था गरिने छ साथै नदीजन्य पदार्थ चोरी निकासी गर्ने कार्यलाई नियन्त्रण र नियमन गर्ने कार्यलाई प्रभावकारी बनाइने छ ।

**२. विपद् व्यवस्थापन**

- हालैमात्र नेपाल लगायत विश्वभर फैलिएको कोरोना भाईरस (कोभिड-१९) को महामारीका कारण विश्व नै आक्रान्त बनेको अवस्थालाई एउटा सिकाईको रुपमा लिंदै विपद् व्यवस्थापनलाई महत्वपूर्ण क्षेत्रको रुपमा लिई यसका संरचनालाई चुस्त, प्रभावकारी र स्रोत साधनले सम्पन्न बनाउने नीति अवलम्वन गरिने छ ।
- महामारी, आगजनी ,बाढीपहिरो, चटयाङ, भुकम्प, हावाहुरी लगायतका प्राकृतिक प्रकोप को सामना गर्न विपद प्रतिकार्य कार्ययोजना वनाई सरोकारवालाहरुको सहभागितामा कार्यान्वयन गरिने छ ।

- नदी नियन्त्रण तथा श्रोत संरक्षणका लागि तटवन्ध एवं वातावरण संरक्षणका लागि आवश्यक कार्यक्रमहरु क्रमश संचालन गर्दै लगिने छ ।
- प्रत्येक वडामा खुल्ला क्षेत्र एवं आपतकालिन केन्द्र स्थापनाको लागि सम्भाव्य क्षेत्र पहिचान गरी कार्यान्वयनमा जोड दिइने छ ।
- स्थानीय विपद् व्यवस्थापन कोषमा रकम विनियोजन गरी प्रभावकारी उपयोग गर्ने व्यवस्था मिलाइने छ ।
- द्वन्द्वपीडित नागरिकहरुको लागि आवश्यक राहत तथा पुनःस्थापनाका कार्यक्रम संचालन गरिने छ ।

३. फोहोर मैला तथा ढल व्यवस्थापन

- निषेधित क्षेत्र भित्र फोहोर फाल्ने कार्यलाई निरुत्साहित गर्नुको साथै अटेर गर्नेलाई कारवाहीको दायरामा ल्याइनेछ ।
- नगरपालिका क्षेत्रमा सरसफाइलाई अभियानको रुपमा नै संचालन गर्न आफ्नो घर, टोल क्षेत्र सरसफाई राख्न अभिप्रेरित गर्ने र प्रतिस्पर्धात्मक, चेतनामूलक कार्यक्रमहरु संचालन गर्न टोलविकास संस्था मार्फत सम्पूर्ण टोलवासीहरु तथा स्थानीय संघ संस्थाहरुलाई परिचालन गरिनेछ । नियमित रुपमा सरसफाई अभियान संचालन गरिनेछ ।
- घर घरबाट निस्कने फोहरलाई कुहिने र नकुहिने फोहोरमा विभाजन गरी कुहिने फोहरलाई प्राङ्गारिक मलको रुपमा उपयोग गराउन अभिप्रेरित गरिनेछ । वजार क्षेत्रको फोहर मैला व्यवस्थापनमा समुदायको अनिवार्य सहभागिता गराई व्यवस्थीत गरिनेछ ।
- जसले फोहोर गर्छ, उसैले सफा गर्नुपर्छ भन्ने नीति अवलम्वन गरिनेछ ।
- सडकमा छाडा पशु तथा अन्य पशुहरुलाई जथाभावी छोड्ने परिपाटिलाई निरुत्साहित गर्दै सफा र सुरक्षित सडक वनाउने नीति अवलम्वन गरिने छ ।
- **हामी सबैको एउटै बोल, सफा आँगन सफा टोल** भन्ने उद्देश्यका साथ सरसफाइमा विशेष सक्रियता देखाउने टोलको पहिचान गरी पूरस्कृत गर्ने तथा सबै टोल विकास संस्थाहरुलाई सरसफाइमा सक्रिय बनाउने नीति लिइने छ ।
- नगरपालिकाको फोहोर व्यवस्थापनको लागि ल्याण्ड फिल्ड साइटको व्यवस्थापन गरिने छ । टोल विकास संस्थाहरुलाई सरसफाई व्यवस्थापनमा आवश्यक पर्ने सामाग्रीहरु उपलब्ध गराईने छ ।

ङ) संस्थागत विकास तथा सेवा प्रवाह

१. सुशासन प्रवर्द्धन

- सेवा प्रवाहका सन्दर्भमा प्राप्त हुन आएका सुझाव सल्लाह एवं गुनासो र उजुरी सुनुवाईको आवश्यक व्यवस्था मिलाईने छ ।
- नगरपालिका कार्यालयबाट प्रवाह गरिने सेवा सम्वन्धि सर्वसाधारण र सरोकारवाला व्यक्तिहरुलाई जानकारी गराउन सूचना अधिकारीको व्यवस्था थप प्रभावकारी वनाईने छ ।
- सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागितालाई प्रबर्द्धन गर्दै सेवाग्राहीहरुलाई सुशासनको अनुभूति दिलाईने छ ।
- भ्रष्टाचार र अनियमिततामा शुन्य सहनसिलताको निति अवलम्बन गरिने छ ।
- सुशासनमा थप सहयोग पुऱ्याउन नगर प्रहरीको व्यवस्था गरिने छ ।

- योजना /कार्यक्रमको अनुगमन तथा मूल्यांकन पद्धतिलाई नियमित, प्रभावकारी र नतिजामूलक वनाई विकास कार्यक्रम तथा योजना कार्यान्वयनको पक्षलाई थप प्रभावकारी वनाइने छ ।
- सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट पारदर्शिता अभिबृद्धि गर्दै लगिने छ ।
- संगठनात्मक सुशासन एवं कार्यालय सञ्चालनलाई व्यवस्थित गर्न विद्युतीय हाजिरी परिपाटीलाई निरन्तरता दिइने छ ।
- कार्यालयहरुलाई प्रविधी मैत्री वनाउन जोड दिईने छ ।
- नगरपालिकावाट प्रदान गर्ने सेवाको गुणस्तर सुधार गर्दै प्रकियालाई सरलीकृत गर्ने र सेवामा जनताको पहुँच अभिवृद्धि गर्ने नीति लिईने छ ।
- जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकास गरी सेवा प्रवाहलाई गुणस्तरीय र जनमैत्री वनाईने छ ।
- कर्मचारीहरुको मनोवल उच्च पार्न र कामप्रति उत्प्रेरित गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन सुबिधा उपलब्ध गराइनेछ साथै नगरपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुलाई कार्यविधि निर्माण गरी सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ र साविकका स्थानीय निकाय (जि.वि.स., नगरपालिका, गा.वि.स) का स्थायी कर्मचारीहरुको तहमिलान र स्तरवृद्धि गरिनेछ ।
- नगरपालिकाको पुर्ण वा आंशिक आर्थिक सहयोगमा संचालन गरिने व्यवसायिक प्रवर्द्धनका कार्यक्रमहरुमा नगरपालिकालाई स्टल शुल्क, महशुल लगायतका क्रियाकलापहरुमा शुल्क तिर्न नपर्ने गरी संचालन गर्ने नीति लिइने छ ।
- नगरपालिकाको विकास व्यवस्थापन, आयोजना छनौटको आधार तथा तथ्याङ्कमा आधारित सेवा प्रवाहलाई व्यवस्थित गर्नका लागि आवधिक योजना तयार गर्ने कार्य प्राथमिकताका साथ अघि बढाइने छ ।
- <u>वडाँ नं. १ २ ३ र ९ भित्रको सुरक्षा व्यवस्थालाई प्रभावकारी एवं चुस्त बनाउन प्रहरी पोष्ट स्थापना गर्ने नीति अवलम्बन गरिने छ ।</u>

<u>२. कानुन र न्याय</u>

- नगरवासीलाई सरल एवम सहज रुपमा न्यायमा पहुँचको व्यवस्था मिलाइने छ ।
- न्याय सम्पादन प्रक्रियालाई यथासम्भव मेलमिलापको माध्यमवाट दुवै पक्षको जित जित हुने गरी न्याय सम्पादन गरिने व्यवस्था मिलाइने छ ।
- न्युन आयश्रोत भएका तथा पिछडिएको वर्गको अधिकार शुनिश्चितताको लागि न्यायमा पहुँच अभिवृद्धि गर्ने नीति लिईने छ ।
- नगरपालिकाभित्र सबै वडामा संचालनमा रहेका मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाउने कार्यलाई निरन्तरता दिइने छ ।
- हिंसा पिडित महिला, विपन्न एवं असहायहरुको लागि कानुनी सहायता तथा उपचारकोषको व्यवस्था गरिने छ ।
- लैङ्गिक हिंसा रहित समतामुलक समाज निर्माणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिने नीति लिइने छ ।
- न्यायिक समिति र हरेक वडाका मेलमिलापकर्ताहरुको क्षमता विकासका लागि तालिम कार्यक्रमहरु संचालन गरिने छ ।

## ३. उपभोक्ता हित संरक्षण :

- उपभोक्ताहरुको हितलाई ध्यानमा राखि नगरभित्र संचालित हाटबजारहरु एवं अन्य बजार क्षेत्रलाई व्यवस्थित, स्वच्छ, प्रतिस्पर्धी वनाउन तथा उपभोक्ताहरुलाई ठगिनबाट जोगिनको लागि नियमित बजार अनुगमन एवं निरीक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- बजारमा उपभोक्ताहरुको हक स्थापित गराउन हरेक पसलमा मुल्य सुचि राख्ने व्यवस्था मिलाई बिल बिजक लिने दिने विषयलाई व्यवस्थित बनाउन जनचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

## ४. अन्तर्राष्ट्रिय सहयोग, सहकार्य र सम्बन्ध विस्तार नीतिः

- नगरपालिकाको पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य र खेलकुद लगायतको विकास अन्तर्राष्ट्रिय सहयोग र अनुभवको आदानप्रदान गर्न एवं पालिका र अन्तर्राष्ट्रिय पालिका विच भगिनी सम्बन्ध कायम गर्न अन्तर्राष्ट्रिय संघ संस्था विच सम्बन्ध विस्तार र सहयोगको आदानप्रदान गर्ने नीति लिइने छ ।
- पालिकाको समग्र विकासलाई केन्द्रमा राखी राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा पालिकाहरु संग भगीनी सम्बन्ध र सरकारी गैरसरकारी संघ संस्था विच संस्थागत सम्बन्ध विस्तार गरिने छ ।
- राष्ट्रिय अन्तराष्ट्रिय सरकारी गैरसरकारी संघ संस्थाको सहयोग लिने दिने र संस्थागत सम्बन्ध विस्तार गरी आर्थीक तथा प्राविधिक सहयोग लिने नीति अनुसार युरोपको लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन र यस पालिकाको संस्थागत सम्बन्ध कायम भएको छ ।अन्य निकायहरुसँग समेत सम्बन्ध विस्तार गर्ने नीति लिइने छ ।
- पालिकाको पर्यटन, शिक्षा, खेलकुद, संस्कृति, स्वास्थ्य, कृषि, फोहोरमैला व्यवस्थापन लगायत एकिकृत विकासका लागि लुम्बिनी गार्डेन फाउण्डेसन स्पेन संगको सम्बन्धलाई थप संस्थागत गरी समन्वय र सहकार्य गरिने छ ।
- पालिकाको विकासको लागि विश्व शान्तीका अग्रदुत भगवान गौतम बुद्धसँग सम्बन्धित अन्य पालिकाहरुसँग समन्वय र सहकार्य गरिने छ ।
- यस पालिका र नेपालको पर्यटन लगायतको क्षेत्रको विकासको लागि समन्वय र सहकार्य गर्ने उद्देश्यका साथ स्पेनको एस्त्रेमादुरा प्रदेशको क्यासेरेस (caceres) नगरपालिकामा लुम्विनी सांस्कृतिक नगरपालिका, यस नगरपालिका र क्यासेरेस (caceres) नगरपालिकाको सहकार्यमा लुम्विनी गार्डेन फाउण्डेसन स्पेन द्धारा निर्माण हुन लागेको बुद्ध गार्डेनमा आवश्यक प्राविधिक तथा सांस्कृतिक सहयोग आदान प्रदानको नीति लिइने छ ।
- लुम्विनी सांस्कृतिक नगरपालिकामा रहेको **लुम्विनी माड्रिड सचिवालय** को समन्वय कार्यालयको भुमिकालाई संस्थागत गरी प्रभावकारी बनाउने नीति अवलम्वन गरिने छ ।

## ५. पञ्जिकरण तथा सामाजिक सुरक्षा

- सबै नागरिकहरुलाई सामाजिक सुरक्षा तथा घटना दर्तामा आवद्ध गर्नका लागि घटनादर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर अभियान संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य सबै नगरवासिहरुलाई सफ्टवेयर प्रणाली तथा बैङ्किङ प्रणालिमा आवद्ध गर्ने नीतिलाई निरन्तरता दिदै थप व्यवस्थित गरिनेछ ।

■ यस नगरपालिकामा कार्यरत एम.आइ.एस अपरेटर र फिल्ड सहायकहरुका लागि नगरपालिकाबाट एक चौमासिक बरावरको पारिश्रमिक रकमको सुनिश्चितता गरिनेछ ।

**६.भुमि सम्बन्धि समस्या समाधान**

■ देवदह नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने भुमिहिन दलित,भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासिहरुलाई आगामी आर्थिक वर्ष भित्र जग्गाधनि प्रमाण पुर्जा वितरण गर्ने नीति लिइनेछ ।

■ GPS बाट पहिचान भएका सार्वजनिक जग्गा तथा अन्य जग्गाहरुको पहिचान र संरक्षण गरिनेछ ।

■ भुमिहिन विपन्न परिवारहरुलाई उचित स्थानको पहिचान गरि बसोवासको व्यवस्था मिलाइनेछ ।

■ उपयोग र मुल्यांङ्कनको आधारमा नगर क्षेत्रभित्र रहेको अव्यवस्थित जग्गाको न्यायोचित कर निर्धारण गरि नयाँ पहिचान हुने सडकको क्षेत्राधिकार निर्धारण गरिनेछ ।

■ भूमिहिन दलित,भूमिहिन सुकुम्वासी,अव्यवस्थित बसोवासी र भुमि सम्बन्धी अन्य लगत तयार गरि अभिलेखिकरण गरिनेछ ।

■ अव्यवस्थित जग्गाको अभिलेख संकलन गरी वैज्ञानिक व्यवस्थापन गरिने छ ।राष्ट्रिय आवास कम्पनी, छुट कित्ता, गाँउ ब्लक, उखडा जस्ता जग्गाहरुको जग्गा धनी प्रमाण पुर्जा प्राप्तिका लागी सम्वन्धित निकाय संग समन्वय गरिने छ ।

■ संघ र प्रदेश सरकारको आयोजनामा भुमि समस्याको समाधान गरी भुमिहिनलाई जग्गा र अव्यवस्थित बसोवासलाई जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।